मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

**"हाम्रो संस्कृति, हाम्रो गौरव"**

ग्याल्पो ल्होसारको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गर्दछु। यस पर्वले सबैमा सुख, शान्ति र समृद्धि प्रदान गरोस् भन्ने कामना गर्दछु।

नेपाल बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक मुलुक हो। धर्म, संस्कृति र परम्परासँग जोडिएका हाम्रा महान् चाडपर्वहरूले आपसी सद्भाव, सहिष्णुता र एकताको भावना बलियो बनाएका छन्। विविधतायुक्त हाम्रो समाजमा एकअर्कामा हातेमालो गर्दै सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई अभिवृद्धि गर्न यस पर्वले प्रेरित गर्ने विश्वास गरेको छु।

हाम्रा साँस्कृतिक पर्वहरुसँगै हाम्रो आपसी मित्रता, भाइचारा र सम्मान गहिरोसँग जोडिएको छ। हामीबीचको एकतालाई खलल पुऱ्याउने कतिपय प्रयासलाई निस्तेज पार्दै सामाजिक एकतालाई बलियो बनाउन हाम्रा पर्वहरुले महत्वपूर्ण भूमिका खेलेका छन्। हाम्रा संस्कृति, परम्परा र रीतिरिवाजले हामीलाई साँस्कृतिक रुपमा समृद्ध बनाउँदै हाम्रो अन्तर्राष्ट्रिय गरिमालाई उच्च बनाएका छन्। यसले हाम्रो मुलुकको पर्यटन प्रवर्धनमा पनि सहयोग पुगेको छ। "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्ने एक महत्वपूर्ण कडी हाम्रो साँस्कृतिक विविधता पनि हो।

कोशी प्रदेश सरकारले स्थापनाकालदेखि नै यहाँका सबै जातजाति, भाषा, धर्म र संस्कृतिको संरक्षण तथा संवर्धनलाई उच्च प्राथमिकतामा राखेको छ। कोशी प्रदेशमा बसोबास गर्ने विभिन्न समुदायका मौलिक परम्परा र साँस्कृतिक पहिचानले हामीलाई अझ समृद्ध बनाएका छन्। कोशी प्रदेश सरकार हाम्रा पर्वहरुको महत्व र विशेषतासँग जोडिएको साँस्कृतिक पक्षलाई प्रवर्धन गरी धार्मिक र साँस्कृतिक पर्यटनको विकास गर्दै राष्ट्रिय पूँजीको निर्माण गर्न प्रयत्नशील पनि छ। हामी सबैको पहिचान स्थापित गर्दै सहकार्य र सहअस्तित्वको वातावरण निर्माण गर्न प्रतिबद्ध छौं।

अन्त्यमा, ग्याल्पो ल्होसारले सबै नेपालीबीचको भाइचारा, सद्भाव र एकता अझ मजबुत बनाओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

६ फागुन २०८२

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री